# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

५)काठमाडौं, असोज १० गते २०५२ साल (अतिरिक्ताङ्क २२

## भाग ३

श्री ५ को सरकार

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

#### बिर्ता उन्मूलन (चौथो संशोधन) नियमावली, २०५२

बिर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वान्छनीय भएकोले, बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

ंक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बिर्ता उन्मूलन (चौथो संशोधन) नियमावली, २०५२" रहेको छ ।

(२) यी नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

र्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ ख. मा संशोधनः बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ ख. को सट्टा देहायको नियम ३ ख.राखिएको छ ।

"३ ख कारवाई टुंगो लगाउनु पर्ने अवधिः "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७ क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२ क. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरू उपर २०५४ साल आषाढ मसान्त भित्र कारवाईको टुंगो लगाई सक्नु पर्नेछ ।"

आज्ञाले,

विष्णुप्रसाद खत्री

श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।